मेरो देश मेरै उत्पादन

# CIM
## FACTS Newsletter
Issue 17, Kartik 2079










021-515712
cim.biratnagar@gmail.com
Sahid Marg, Biratnagar-02

HAVELLS

USHA

MEX

SIEMENS
Ingenuity for life

SWITCHGEAR
SAFE & SURE

ELECTRA ELECTRIC
Enlightening Dreams

OBO BETTERMANN

Crabtree

wipro

A Member Of KTC Group

Kailash Trading Company Pvt. Ltd.
The Electrical People...

## Corporate Office

College Road, Biratnagar-9, Nepal

+ 977 21 572485 / 486 / 487

## Showroom

Himalaya Road, Biratnagar-9, Nepal

+ 977 21 578194 / 570299 / 515014

Email: info@kailashworld.com | www.kailashworld.com

# हाम्रो भनाई

उद्योग व्यवसाय क्षेत्र पछिल्लो मौद्रिक नीतिको संकुचनकारी नीतिका कारण एकातिर तरलता अभावसगै ब्याज बृद्धिको मार खेप्न वाध्य छ भने अर्कातिर पूजिगत लागत निरन्तर उकालो लागिरहेको छ ।

हाल बजारमा देखा परेको तरलता अभाव, मूल्य बृद्धि तथा वित्तिय संकटले समग्र आर्थिक प्रणालीलाई नै संकुचित दिशा तर्फ उन्मुख गराईरहेको छ । बढ्दो उत्पादन लागत, बजारको मागमा आएको मन्दी, बजारबाट नगद प्राप्तीमा भएको कठिनाईका साथै बाह्य कारणले भएको मूल्य बृद्धि प्रभावले उत्पादनमुलक औद्योगिक क्षेत्र बन्द गर्नु पर्ने बाध्यात्मक अवस्थामा पुगेका छन भने उत्पादित वस्तु तथा सेवामा भएको मूल्य बृद्धिले आमसर्वसाधारण उपभोक्ताको जनजिवन कष्टकर बन्दै गएको छ ।

समग्र अर्थतन्त्रमा देखा परेको यो डरलाग्दो संकुचनबाट बाहिर निकाल्न तरलता व्यवस्थापनका लागी ब्याजदर बढाउंदा समेत निक्षेपमा कुनै तात्विक बढोत्तरी नभएकाले औद्योगिक क्षेत्रको उत्पादन लागत घटाउने गरि बैंक ब्याजदर एक अंकमा सिमित गर्ने उपाय सहित उपयुक्त वित्तिय औजारका माध्यमबाट नियमनकारी निकाय नेपाल राष्ट्र बैंकले कडा कदम चाल्न अपरिहार्य भइसकेको छ । आधार दर र ब्याजदरमा बृद्धि समान हुनुपर्ने आफ्नै नीति समेत कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंक चुकेकाले यस नीतिको कडाइका साथ कार्यान्वयन गर्दै यसरी अधिक लिईएको ब्याज रकम सम्वन्धित ऋणीको खातामा तत्कालै फिर्ताको व्यवस्था गरी आधार दर बढ्दैमा प्रिमियम बढाउन नपाइने नियमनको व्यवस्था गरिनु पर्दछ ।

पछिल्लो केही वर्षहरुमा वाणिज्य बैंकहरुको व्यापारको आकार उल्लेख्य रुपमा वृद्धि भएको र विद्यमान मर्जर नीतिका कारण आगामी दिनहरुमा यो आकार अझै वढ्दै जाने परिपेक्षमा ब्याजदर अन्तरलाई तत्कालै ४ प्रतिशत र नेपाल सरकार आफैंले हस्ताक्षर गरेको वित्तिय क्षेत्र सुधार पञ्चबर्षिय रणनीति/योजना मुताविक स्प्रेड दरलाई ३ प्रतिशतमा झार्ने आफ्नै प्रतिवद्धता पूरा गर्दै स्प्रेड दरलाई अविलम्ब घटाइनु पर्दछ ।



## देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति


आर्थिक वर्ष २०७९/८० को दुई महिनाको तथ्यङ्का आधारमा

| | |
|---|---|
| **९३.०% ले घटेको छ**<br>आयात | **३४.९% ले घटेको छ**<br>निर्यात |
| **१९.८% ले बढेको छ**<br>विप्रेषण आप्रवाह<br>(नेपाली रुपैयाँमा) | **८.६४%**<br>उपभोक्ता मूल्य सूचांकमा आधारित मुद्रास्फीति<br>(वार्षिक बिन्दुगत आधारमा) |
| **रू.१३४ अर्ब ३४ करोड**<br>संघीय सरकारको खर्च<br>(नेपाली रुपैयाँमा) | **रू.१४३ अर्ब ८९ करोड**<br>शोधनान्तर स्थिति<br>(घाटामा नेपाली रुपैयाँ) |
| **९ अर्ब ३५ करोड**<br>कुल विदेशी विनिमय संचिति<br>(अमेरिकी डलरमा) | **रू.२३ अर्ब ७८ करोड**<br>राजस्व परिचालन<br>(नेपाली रुपैयाँमा) |

स्रोत: नेपाल राष्ट्र बैंक, ३० भाद्र २०७९ / सेप्टेम्बर १५, २०२२

# औद्योगिक क्षेत्रका वर्तमान समस्याहरू


## १.१ उत्पादित वस्तु सेवाको बजारको दायरा साँघुरिएको




चित्र १: बजार मागमा आएको परिर्वतन अनुसार उद्योगहरुको प्रतिशतमा

घटेको छैन। २५-५० प्रतिशतले घटेको छ। २५ प्रतिशत भन्दा कमले घटेको छ। ५०-७५ प्रतिशतले घटेको छ। ७५ प्रतिशत भन्दा बढिले घटेको छ।

## १.२ उत्पादनमा कटौती गर्नु पर्ने अवस्था आएका





चित्र २: औद्योगिक उत्पादनमा आएको कमिका आधारमा उद्योगहरु

घटेको छैन। २५-५० प्रतिशतले घटेको छ। २५ प्रतिशत भन्दा कमले घटेको छ। ५०-७५ प्रतिशतले घटेको छ। ७५ प्रतिशत भन्दा बढिले घटेको छ।


श्रोत: स्थलगत सर्भे उद्योग संगठन मोरङ २०७९

# १.३ बजारबाट बाँकी बक्यौता उठ्नमा ढिलाई तथा समस्या आएको




चित्र ३: उदारो तथा बक्यौता उठ्नमा भएको परिर्वतन का आधारमा उद्योगहरु

# १.४ प्रति इकाई उत्पादन लागतमा बृद्धि भएको





चित्र ४: प्रति इकाई उत्पादन लागतमा भएको बृद्धिका आधारमा उद्योगहरु

श्रोत: स्थलगत सर्भे उद्योग संगठन मोरङ २०७९


# समष्टिगत आर्थिक सूचकमा आएको परिर्वत

## २.१ राजश्व संकलनको अवस्था




चित्र ६ आ.व.को पहिलो २ महिनाको राजश्व बृद्धि दर प्रतिशतमा








चित्र ७ बिराटनगर राजश्व कार्यलयको राजश्व संकलन तुलनात्मक अवस्था (चालु आ.वको साउन देखि असोजसम्मको) रु करोडमा

श्रोत: आन्तरिक राजस्व कार्यालय विराटनगर

# २.२ निर्यात व्यापारको अवस्था




चित्र ८ चालू आर्थिक बर्षको पहिलो २ महिनाको (श्रावण र भाद्र) निर्यातको बृद्धिको अवस्था प्रतिशतमा




चित्र ९ बिराटनगर भन्सार कार्यलयबाट भएको निर्यात व्यापाको तुलनात्मक अवस्था (आ.वको पहिलो २ महिना) रु अरबमा

श्रोत: विराटनगर भन्सार कार्यालय

# नीतिगत सूधारका क्षेत्रहरु

## ३.१ CD तथा CCD Ratio


Table no. 1 : CD & CCD Ratio and its Net Impact on Liquidity (in Nrs Kharab)

| | | | |
|---|---|---|---|
| Core Capital | 5.49 | Debenture (tentative) | 1.2 |
| Total Deposit | 45.44 | Refinance | 1 |
| Capital + Deposit | 50.93 | CD Limit With Reference & Debenture | 42.87 |
| Loan | 41.75 | CCD Limit with Refrence & Debenture | 45.16 |
| CCD Limit (if 85% CCD | 44.11 | | |
| CD Limit (if 90% CD | 40.89 | Net Impact | 2.29 |

*Source: NRB : Key financial indicators of Commercial Bank (provisional) as on Ashad end, 2079*


## ३.२ Cash Reserve Ratio - CRR

3 बाट 4 प्रतिशतमा बृद्धि




श्रोत: नेपाल राष्ट्र बैंक

## ३.३ Statuary Liquidity Ratio - SLR





८ बाट १० विकास बैंक र १० बाट १२ प्रतिशतमा (बाणिज्य बैंक) को **SLR** बृद्धि

करिब रु १०२ अरब लगानीयोग्य पूँजी निष्क्रिय

## ३.४ ब्याजदर अन्तर -Interest Spread Rate

नेपाल सरकार आफैंले हस्ताक्षर गरेको वित्तिय क्षेत्र सुधार पञ्चबर्षिय रणनीति/योजना मुताविक स्प्रेडदरलाई ३ प्रतिशतमा झार्ने आफ्नै प्रतिवद्धता पूरा गर्दै स्प्रेड दरलाई अविलम्ब घटाइनु पर्दछ।



श्रोत: नेपाल राष्ट्र बैंक

## ३.५ जोखिम लगानी ब्यवस्थापन




### पहिले
१. असल कर्जाको : १ प्रतिशत
२. वाचलिष्ट कर्जा : २.५ प्रतिशत

### कोभिड पछि
१. असल कर्जा : ३ प्रतिशत
२. वाचलिष्ट कर्जा : ५ प्रतिशत

### अब हुनुपर्ने
साविक बमोजिम
१. असल कर्जा : १ प्रतिशत
२. वाचलिष्ट कर्जा : २.५ प्रतिशत

### किन ?
बैंक दायित्व खर्च बडेर व्याजदरमा चाप पर्यो, त्यसैले सुधार गर्नु पर्ने।

## ३.६ निक्षेप सुरक्षणको सिमा

### पहिले
रु ३ लाख प्रति ग्राहक

### अहिले
रु ५ लाख प्रति ग्राहक

### अब हुनुपर्ने
साविक बमोजिम
रु ३ लाख प्रति ग्राहक

### किन ?
बैंक दायित्व खर्च बढेर व्याजदरमा चाप पर्यो, त्यसैले सुधार गर्नु पर्ने।



# ३.७ आधार दरको बृद्दि र प्रिमियम दर

आधार दर र व्याजदरमा बृद्धि समान हुनुपर्ने आफ्नै नीति समेत कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंक चुकेको छ।

यस्तो व्याज रकम ऋणिको खातामा फिर्ता गर्न निर्देशन दिएको भएता पनि लागू हुन नसकेका

→

यस नीतिको कडाइका साथ कार्यान्वयन गर्नुपर्ने

आधार दर बढ्दैमा प्रिमियम बढाउन नपाइने नियमनको ब्यवस्था कडाइका साथ लागू गर्नूपर्ने

# ३.८ बचत र मुद्दती निक्षेपको न्यूनतम व्याजदर विचको सिमा

मुद्दती निक्षेपको न्यूनतम व्याजदर विचको ५ प्रतिशतको सिमालाई तत्कालै खारेज गर्नुपर्ने

वचतका विभिन्न स्कीमहरुको व्याजदर विचको २ प्रतिशतको सिमालाई तत्कालै खारेज गर्नुपर्ने

व्याजदरलाई बजारले निर्धारित गर्दछ भन्ने विश्वव्यापी मान्यताका आधारमा पनि केन्द्रिय बैंकले खालि व्याजदर अन्तरको व्यवस्था माथि उल्लेख भए अनुरुप क्रमशः कमगर्दै लैजान

किन ? →

निक्षेप संकलनको होडबाजी तथा अस्वस्थ्य प्रतिष्पर्धाले बैंकको खर्च बढेर व्याजदरमा चाप पर्यो, त्यसैले सुधार गर्नुपर्ने ।



# ३.९ चालुपुँजी कर्जाको सिमा निर्धारण

उदाहरण १ :

बर्षमा एकपटक सिजनमा बर्षभरिलाई चाहिने कच्चा पदार्थ खरिद गरि भण्डारण गरि राख्ने प्रकृतिका उद्योगहरु (जस्तै धान, मकै, गहू वा अन्य खाद्यान्नहरु कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योग) जस्लाई एकै पटक चालुपूँजिको आवश्यकता पर्दछ त्यस्ता उद्योगहरुले २० प्रतिशतको कर्जा सिमा भएमा बन्द गर्नु पर्ने अवस्था आउछ ।

उदाहरण २ :

कच्चा पदार्थ आयात गर्ने उद्योगहरुको हकमा कच्चा पदार्थ आयातका लागी प्रतित पत्र खोल्ने देखि कच्चा पदार्थ उद्योगसम्म आइपुग्दा करिब ३ महिना, उक्त कच्चा पदार्थबाट वस्तु उत्पादन, भण्डारण, बिक्रि र बजारबाट पैसा आउने क्रममा करिब ६ महिना चालूपूँजी होल्ड हुन्छ यस्तो अवस्थामा चालूपूँजीको कर्जाको सिमा निर्धारणले उत्पादनमुलक उद्योगहरु करिब करिब बन्द गर्नुको बिकल्प रहदैन ।




कर्जा उपयोगिताको बिषयलाई शुक्ष्म निगरानी राखी पूँजि पलायन **(Capital Flight)** गर्न गराउन खोज्नेलाई कार्बाहीको दायरा ल्याउने तर उत्पादनमुलक क्षेत्रको हकमा कुनै पनि किसिमको चालूपूँजी कर्जाको सिमा तोकिनु हुदैन ।

उत्पादनमुलक उद्योगहरुका हकमा चालु पूँजी कर्जाका सम्बन्धमा उद्योगको चालु पुँजी आवश्यकता निर्कोल गरि सो आधारमा ऋण प्रवाह गर्न पाउने गरि बैंक तथा वित्तिय संस्थालाई जिम्मेवार बनाउनु पर्दछ ।

# ३.१० शुन्य बक्यौता कायम गर्ने बिषय

नविकरण हुने प्रकृतीका सम्पूर्ण चालु कर्जा खाता आर्थिक बर्षको कुनै एक समयमा उद्योग व्यवसायको प्रकृति अनुसार कम्तीमा लगातार ७ दिन शुन्य बक्यौतामा कायम भएको हुनु पर्ने ।




७ दिन शुन्य बक्यौता राख्न असम्भव र यो व्यवस्था अब्यवहारिक छ । सच्चाइनु पर्दछ ।




## ३.११बैंक तथा बितिय संस्थाहरुको अतिरिक्त शुल्क तथा दबाब

बैंक तथा वित्तिय संस्थाहरुले अनावश्यक रुपमा अतिरिक्त फि तथा सेवा शुल्क दोब्बरसम्म लिइरहेको, कतिपय अवस्थामा सेवा/नविकरण शुल्कका नाममा त्रयमासिक रुपमा शुल्क असुलि गरिरहेको, सांवा, ब्याज भुक्तानीका लागी मानसिकरुपमा दबाब पारिरहेको गुनासो उद्यमीहरुबाट आइरहेकोले अस्वभाविकरुपमा यस्तो शुल्क लिन बन्द गर्नुपर्ने र मनोबैज्ञानिक दबाब कम गरिनु पर्दछ ।




## ३.१२ युसान्स एल सि

युसान्स एल. सि. का हकमा विगतमा कम ब्याजदरमा कर्जा प्राप्त हुंदै आएकोमा पछिल्ला दिनहरुमा यस्तो एलसिको लागत समेत उल्लेख्य रुपमा वृद्धि भएको तर्फ केन्द्रिय बैंकको ध्यानाकर्षण गराउंदै यस्मा थप अध्ययनका साथ लागतलाई कमगर्ने गरि (जस्तै अन्तराष्ट्रिय सञ्जाल भएको स्वदेशि बैंकले गर्ने कन्फरमेशन शुल्कमा सिमा लगाउने) नीतिगत व्यवस्था हुनु पर्दछ ।द्धत




# ३.१३ फरवार्ड बुकिङ्ग

विगतमा प्रतितपत्र खोल्दाकै बखतमा फरवार्ड बुकिङ्ग गर्दा डलर रेटमा न्यूनतम प्रिमियम (५.देखि ७ पैसादेखि २२ देखि २५ पैसा प्रति डलर) मा सुविधा उपलव्ध हुने गरेकोमा केही सयम यता अत्यधिक प्रिमियम (८० देखि ९० पैसा प्रति डलरसम्म) लिने गरेकाले आयातको लागतमा वृद्धि हुन गएको हुंदा सहुलियत दरमा फरवार्ड बुकिङ्गको व्यवस्था हुनु पर्दछ जस्ले अन्ततः बस्तु तथा सेवाको मुल्यमानै कमी आई अन्तिम उपभोक्तासम्म यो सहुलियत प्रसार हुन जाने र उपभोक्ताकालागि समेत खरिद मुल्य कम हुन सहयोग पु-याउंदछ ।




# ३.१४ डिस्काउन्टीङ्ग एल सि

विगतमा प्रतितपत्र जारी गर्ने बैंक स्वयम्ले नै प्रतितपत्र डिस्काउन्टीङ्ग गर्ने व्यवस्था भएकोमा हाल सो व्यवस्था बन्द गरिएको र महंगो दरमा डलर टिआर लिनुपर्ने व्यवस्थाका कारण आयातमा लागत वढ्न गएकाले साविक झै एल सि डिस्काउन्टीङ्गको व्यवस्थालाई निरन्तरता दिइनु पर्ने ।



## ३.१५ भारतका पार्टीसंगको उद्यारो कारोबार

नेपाली उद्योगी व्यवसायीहरुले भारतबाट कच्चा पदार्थ लगायतका सामाग्रीहरु आयात गर्दा कतिपय अवस्थामा उद्यारोमा ल्याउने गरेको र उक्त रकमको भुक्तानी मालसमान आएको ४-५ महिना पछि हुदै आएकोमा हाल सबै आयात अनिवार्य अग्रीम टिप्र खोलेर मात्रै आयात गर्न पाउने व्यवस्था गरिएको छ । शोधानान्तर स्थिती तथा तरलतामा सुधार ल्याउन गरिएको व्यवस्थाले उल्टो अग्रीम भुक्तानी गर्न पर्दा थप समस्या सिर्जना भएकोले यसमा आवश्यक संशोधन गरि उद्यारोमा समेत ल्याउन पाउने पहिले कै प्रावधान कायम राख्नु पर्दछ ।



## ३.१६ बैंक तथा वित्तिय संस्थाको अनावश्यक खर्च कटौती

समग्र बैंक वित्तिय संस्थाहरुको थप अध्ययन गरि बैंक तथा वित्तिय संस्थाको सञ्चालन तथा कर्मचारी खर्च टर्नओभरको आधारमा हुने गरि सिमा निर्धारण गरिनु पर्दछ । यस्ले अनावश्यक खर्च र खर्चको वृद्धिमा कमी ल्याई बेसरेट घटाउनमा मद्दत गर्दछ ।




## ३.१७ साँवा ब्याज भुक्तानी अवधी

वित्तिय तरलता अभावले हाल अत्यन्तै असहज परिस्थिती रहेकोले ऋणको साँवा ब्याज भुक्तानी अवधीको थप समय उपलब्ध गराउनु पर्दछ ।



## ३.१८ सरकारको पुँजिगत खर्च

यस आर्थिक बर्षको पहिलो २ महिनामा सरकारको खर्च जम्मा ५ प्रतिशत छ । सबै पैसा राजश्वका माध्यमबाट सरकारी ढुकुटीमा जम्मा हुने तर सरकारले खर्च गर्न नसक्दा तरलता अभाव हुने गरेको छ । सरकारको पूँजिगत खर्च बढाउदै बैंक तथा वित्तिय संस्थामा रहेको यस्तो निष्क्रिय पूँजिलाई बैंक तथा वित्तिय संस्थाले निक्षेपका रुपमा प्रयोग गर्न पाउने व्यवस्था गरिनु पर्दछ । स्थानीय सरकारको ८० प्रतिशत रकम निक्षेपको रुपमा प्रयोग गर्न दिएको व्यवस्थालाई पटके रुपमा होइन स्थायी रुपमै शतप्रतिशत निक्षेपको रुपमा गणना गर्ने र प्रदेश सरकारको यस्तो रकमलाई समेत निक्षेपका रुपमा बैंक तथा बितिय संस्थालाई शत्प्रतिशत गणना गर्न पाउने व्यवस्था हुनु पर्दछ ।



# वर्तमान वित्तिय संकटका सम्वन्धमा
# राष्ट्र वैंकका गर्भनर लगायत प्रतिनिधिसंग छलफल



उद्योग संगठन मोरङ, मोरङ व्यापार संघ र नेपाल उद्योग परिसंघ प्रदेश नं. १ को संयूक्त प्रतिनिधि मण्डलले नेपाल राष्ट्र वैंकका गर्भनर महाप्रसाद अधिकारी लगायत उच्च पदस्थ कर्मचारीहरुका साथ मिति २०७९ कार्तिक १६ गते भेटघाट तथा छलफल गरी वर्तमानको वित्तीय संकट सम्वन्धमा प्रतिवेदन सहित सुझाव प्रस्तुत गरेको छ ।

उद्योग संगठन मोरङ, मोरङ व्यापार संघ, नेपाल उद्योग परिसंघ प्रदेश नं १ का अध्यक्ष, पदाधिकारी र कार्यसमिति सदस्यहरु सम्मिलित संयुक्त प्रतिनिधि मण्डलले गर्भनरलाई भेटी वित्तीय तरलता अभाव र ब्याज वृद्धिका कारण औद्योगिक क्षेत्रहरुमा गम्भीर संकट आएकाले तत्काल समाधान खोज्न आग्रह गर्नु भएकोथियो ।

छलफलमा प्रतिनिधि मण्डलले विभिन्न कारणले वित्तिय असन्तुलन कायम रही समग्र आर्थिक प्रणाली नै संकुचित  दिशा तर्फ उन्मुख भईरहेको अवस्थामा बैंक तथा वित्तिय क्षेत्रले ब्याज बृद्धि गर्नाले उद्योगहरु बन्द गर्नु पर्ने बाध्यात्मक अवस्था सिर्जना भएको वताउनु भयो । समग्र अर्थतन्त्रमा देखा परेको डरलाग्दो संकुचनबाट बाहिर निकाल्न तरलता व्यवस्थापनका लागी ब्याज दर बढाउंदा समेत निक्षेपमा कुनै तात्विक बढोत्तरी नभएकाले औद्योगिक क्षेत्रको उत्पादन लागत घटाउने गरि बैंक ब्याजदर एक अकंमा सिमित गर्न नियमनकारी निकाय नेपाल राष्ट्र बैंकलाई कडा कदम चाल्न प्रतिनिधि मण्डलले छलफलका क्रममा अनुरोध गरेको थियो ।

छलफल तथा प्रस्तुती पश्चात नेपाल राष्ट्र वैंकका गर्भनर महाप्रसाद अधिकारीले उद्योगको समस्या प्रति नेपाल राष्ट्र वैंक गम्भीर रहेको जनाउदै सम्पूर्ण वित्तिय व्यवस्थामा सन्तुलन कायम गर्दै वर्तमान समस्या क्रमशः समाधान गर्दै जाने आश्वासन दिनु भयो ।



संयूक्त प्रतिनिधि मण्डलमा उद्योग संगठन मोरङका अध्यक्ष सुयश प्याकुरेल, वरिष्ठ उपाध्यक्ष प्रदिप मुरारका, उपाध्यक्ष नन्दकिशोर राठी, भोलेश्वर दुलाल, कार्यसमिति सदस्य तारानाथ निरौला, प्रतिभा रिजाल ओली, महानिर्देशक चुडामणि भट्टराई, मोरङ व्यापार संघ र नेपाल उद्योग परिसंघ प्रदेश नं. १ का अध्यक्ष, पदाधिकारी तथा कार्यसमिति सदस्यको सहभागिता रहेको थियो ।

Agriculture, Tourism, Industry and Commerce: the Main Foundation of Economic Development"

# BIRAT EXPO '22

## AGRO ~ INDUSTRIAL INTERNATIONAL EXHIBITION

# विराट एक्स्पो २०७९

## (कृषि तथा औद्योगिक अन्तर्राष्ट्रिय प्रदर्शनी)

२९ मंसिर ~ ६ पौष, २०७९

बिहान १० बजे देखि साँझ ७ बजे सम्म

डिग्री क्याम्पस, बिराटनगर ~ १४

**1** Province
**7** Day
**10** Countries
**20+** Sectors
**300** Companies
**400** Booths
**300** Thousands Visitors




## Special Attraction:

- ~ Exhibition : Industrial (Products, Process, Technologies & Machineries, CommercialAgro Products, MSMEs, BDS service providers & more
- ~ Business Clinic & Business Health Checkup Camp
- ~ Professional B2B, B2C & B2G meeting, District events and conferences on various thematic area
- ~ Local Food festivals
- ~ Tour Packages in Different Destinations of Province 1
- ~ Central Digital Display
- ~ Cultural Program
- ~ Amusement Park

Organiser:

Chamber of Industries Morang

BIRAT EXPO '22
AGRO ~ INDUSTRIAL INTERNATIONAL EXHIBITION
15 ~ 21 Dec 2022 | BIRATNAGAR

# FLOOR PLAN

